आज मिति २०८० श्रावण १५ गतेको दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको एक्काईसौ (२१/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

# २१ औं कार्यपालिका बैठकको निर्णय
## (मिति २०८०/०४/१५)

विषय सूची :

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा ।
२. आ.व.२०८०/०८१ को नगर दररेट सम्वन्धमा ।
३.टीकापुर नगरपालिकाको बाह्य चक्रपथ निर्माणका लागि स्थान तोक्ने सम्वन्धमा ।
४. योजना कार्यान्वयन सम्वन्धमा ।
५.घण्टाघरको प्रवेश शुल्क तथा ठेक्का प्रक्रियाका लागि दर रेट कायम गर्ने सम्वन्धमा ।
६.भानु चोक स्थित जिर्ण रहेको सार्वजनिक शौचालय भत्काउने सम्वन्धमा ।
७. वडा नं. १ को प्रशासनिक कार्यालय भवन निर्माणका लागि तोकिएको स्थानमा रहेको(ईन्डोर मार्केट) पूरानो भवन भत्काउने सम्वन्धमा ।
८.टी.न.पा परिसरमा रहेको व्यापारिक भवन मर्मत सम्वन्धमा ।
९. खाल्डाखुल्डी मर्मत गर्ने सम्वन्धमा ।
१०. सामुदायिक चौपाया व्यवस्थापन सम्वन्धमा ।
११. नगर कार्यपालिका बैठक सम्वन्धमा ।
१२. भूमिको क्षेत्र तथा प्रकृति निर्धारण सम्वन्धमा ।

निर्णय :

निर्णय नं. १:- यस नगरपालिकाको यस अघीको कार्यपालिका बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्वन्धमा समीक्षा गरियो साथै देहायका विषयहरुमा निम्नानुसार गर्ने ।

क.भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको व्यवस्थापन सम्वन्धमा हाल सम्म भए गरेका कार्य प्रगतिको बारेमा जानकारी प्रदान गरियो र आगामी कार्यपालिका बैठकमा सहजीकरण समितिलाई पूर्णता दिने ।

ख.यस नगरपालिकाको गत आ.व. २०७९/०८० को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदनमा औल्याईएका विषयहरु माथि छलफल गरियो साथै औल्याईएका विषयहरुलाई सुधार गर्दै अगाडि बढ्ने ।

ग.यस नगरपालिकाको १९ औं कार्यपालिका बैठकको निर्णय नं. ६ (ग) अनुसार गठित कार्यदलबाट भए गरेका कार्यहरुको सम्वन्धमा जानकारी प्रदान गरियो र यस अधी कार्यदललाई १५ दिन भित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएकोमा उक्त कार्यदलको अवधि थप गर्ने र उक्त कार्यदलको तर्फबाट आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

२१ औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं. २ :- स्थानिय सरकार संञ्चालन ऐन २०७४,को दफा १३ अनुसार आ.ब. २०८०/०८१ को लागि नगरपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,कामदारको ज्याला,ढुवानी,घरभाडा,मेशिन तथा उपकरणको भाडा तथा महसुलका साथै वायो इन्जिनियरिङ्गका सामान तथा पशुचौपाया लगायतका दररेट यस नगरपालिकाको नगर दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजिम स्विकृत गर्ने ।

निर्णय नं ३ :-टीकापुर नगरपालिकाको वाह्य चक्रपथ (रिङ्ग रोड) निर्माणका लागि यस अघी स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) मा समेटिएका क्षेत्रहरुमा तपसिल बमोजिमका क्षेत्र समेटी कार्य अगाडि बढाउने ।

तपसिल :

| स्वीकृत विस्तृत योजना प्रतिवेदनमा तोकिएको क्षेत्र | नया समेट्नु पर्ने क्षेत्र | कैफियत |
|---|---|---|
| वडा नं. १ स्थित मेन्था अगाडिको सडक खण्ड हुँदै जानकी गाउँपालिका मिलन चोक हुँदै गोलौरी हुँदै रामपुर चौराह जोड्ने | वडा नं. १ स्थित मेन्था अगाडिको सडक खण्ड देखि उत्तर बनगाउँ हुँदै बीचपुरुवा बनगाउँ चोक - रामपुर चौराह जोड्ने | जानकी गाउँपालिका भित्र पर्ने क्षेत्र भएकोले नगरपालिका क्षेत्र भित्रको मात्र समेट्ने गरी कार्य अगाडि बढाउने |

निर्णय नं ४ :- शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई धनगढी,कैलालीको प.स२०८०/०८१, च.नं.२६, मिति २०८०/०४/०५ को प्राप्त पत्र बमोजिम योजना कार्यान्वयनका लागि तपसिल बमोजिम स्थान एकीन गरी कार्यान्वयनका लागि सिफारिस गर्ने ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | एकिन गरिएको स्थान | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कैलाली जिल्ला टीकापुर नगरपालिका रिंगरोड निर्माण | वडा नं. १ स्थित मेन्था अगाडिको सडक खण्ड देखि उत्तर बनगाउँ हुँदै बीचपुरुवा बनगाउँ चोक - रामपुर चौराह जोड्ने सडक कालोपत्रे | १ करोड ५० लाख | |
| २ | कैलाली जिल्ला टीकापुर नगरपालिका वडा नं. १,२ र ५, टीकापुर बसपार्क | कैलाली जिल्ला टीकापुर नगरपालिका वडा नं. १,२ र ५, टीकापुर बसपार्क देखि टीकापुर पार्क जोड्ने बाटो स्तरोन्नती | १ करोड | पार्क सम्मको फोरलेन ढल निकासा सहितको पक्की सडक |

२१ औं कार्यपालिका बैठकको निर्णय

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | देखि टीकापुर पार्क जोड्ने बाटो स्तरोन्नती | | | निर्माण संगै दौलतपुर घाट सम्मको लुम्बिनी प्रदेश जोड्ने सडक (स्वीकृत दुवै योजनाको बजेट बमोजिम टीकापुर बसपार्कबाट कार्य शुरु गर्ने गरी) |
| ३ | टीकापुर पार्क सम्म फोरलेनको ढल निकासा सहितको सडक संगै दौलतपुर घाट सम्मको लुम्बिनी प्रदेश जोड्ने सडक | टीकापुर पार्क सम्म फोरलेनको ढल निकासा सहितको सडक संगै दौलतपुर घाट सम्मको लुम्बीनी प्रदेश जोड्ने सडक | १ करोड ५० लाख | |
| ४ | टीकापुर नगरपालिका वडा नं.१, नवचेतना टोल मिश्र चिउरा मिल पूर्व खक्रौला सडक | टीकापुर नगरपालिका वडा नं.१, नवचेतना टोल मिश्र चिउरा मिल पूर्व खक्रौला सडक | ४० लाख | |

निर्णय नं. ५ :- नगरपालिकाको आन्तरिक आय प्रयोजनका लागि टीकापुर नगरपालिका, वडा नं. १, ब्लक नं.१९ स्थित घण्टाघर (घण्टा घर रहेको परिसर समेत) भाडामा लगाउने र सो को मासिक भाडा भ्याट बाहेक न्यूनतम अंक रु.२०,०००।- (वीस हजार ) कायम गरी नियमानुसार प्रक्रिया अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं.६ :-टीकापुर नगरपालिका वडा नं. १,भानु चोक स्थित जिर्ण रहेको सार्वजनिक शौचालय भत्काउने र सोही स्थानमा व्यवस्थित शौचालय निर्माणमा सहयोग गरी दिन श्री खानेपानी तथा ढल व्यवस्थापन विभाग, शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना, काठमाडौं लाई अनुरोध गर्ने ।

निर्णय नं. ७ :- वडा नं. १ को वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि तोकिएको स्थान वडा नं. १, ब्लक नं. ए स्थित रहेको पुरानो भवन (इन्डोर मार्केट)भत्काउनु पर्ने आवश्यक देखिएको र हाल उक्त भवनको सटर/कवल/कोठा नगरपालिकाबाट व्यक्ति/फर्म/संघसंस्थाहरुलाई भाडामा लगाईएकोमा उक्त भाडाको सम्झौता रद्द गर्ने र भाडामा रहेका सटर /कवल/कोठा खाली गर्न १५ दिनको सूचना जारी गर्ने साथै नियमानुसार उक्त भवन भत्काई वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं.८ :- टीकापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्रशासनिक भवन परिसरमा रहेको व्यापारिक भवन (सपिङ्ग कम्पेल्क्स) मर्मत गर्नुपर्ने देखिएको हुँदा उक्त भवन मर्मतका लागि भैपरी आउने पूंजीगत शिर्षकबाट रु. १०,००,०००। (दश लाख) विनियोजन गरी कार्य अगाडि बढाउने ।

२९ औं कार्यपालिका बैठकको निर्णय

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं.९ :- यस नगरपालिका क्षेत्र भित्रका कतिपय सडक/बाटोहरुमा खाल्डाखुल्डि परेका कारण वर्षातको समयमा नियमित आवागमनमा समस्या पर्ने देखिएको र वर्षातको समयमा दुर्घटना लगायतका क्षती न्यूनीकरण गर्न खाल्डाखुल्डी पुर्ने र सोका लागि मर्मत सम्भार कोषबाट रु. १०,००,०००।- (दश लाख) विनियोजन गरी कार्य अगाडि बढाउने ।

निर्णय नं. १० :-यस नगरपालिका क्षेत्रमा छिमेकी पालिकाहरुबाट समेत खुला रुपमा छोडिएका पशु चौपायाहरु प्रवेश गरी किसानहरुको अन्नबाली नष्ट गर्ने गरेको र सामुदायिक चौपायाको व्यवस्थापनमा थप जटिलता देखा परेको सन्दर्भमा दीर्घकालिन रुपमा समस्या समाधान गर्न यस नगरपालिकाको पहलमा छिमेकी पालिकाहरुसँग समन्वयात्मक बैठकको आयोजना गर्ने । साथै यस नगरपालिकाको वडा नं. ५ स्थित टीकापुर गौशाला घेरा पर्खालका लागि चालु आ.व. ०८०/०८१ का लागि गौशाला व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट रु. १०,००,०००।- (दश लाख) विनियोजन गर्ने ।

निर्णय नं. ११ :-यस नगरपालिका, नगर कार्यपालिकाको बैठकलाई थप व्यवस्थित गर्न तपसिल बमोजिम गर्ने ।

क) कार्यपालिका बैठक बस्ने मिति प्रति महिनाको १५ र २९ गते तय गर्ने ।

ख) वडा तथा विषयगत शाखाहरुको तर्फबाट कार्यपालिका बैठकमा लैजानुपर्ने विषयहरु बैठकका लागि तय गरिएको मिति भन्दा ५ दिन अगावै प्रस्तावका रुपमा कार्यालयमा पेश गरी सक्नु पर्ने ।

निर्णय नं. १२ :- भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सम्वन्धी लगत संकलन कार्यविधि,२०७८ मा व्यवस्था भए बमोजिम सम्वन्धित कार्यविधिमा उल्लेख भए बमोजिम जग्गाको क्षेत्र तथा प्रकृति विभाजन गर्ने सम्वन्धमा वडा नं.२, ८ र ९ को वडा समितिको बैठकबाट सिफारिस भए बमोजिम तपसिल बमोजिम गर्ने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

२९ औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

क) जग्गाको क्षेत्र :

| क.सं. | जग्गा रहेको स्थान | जग्गाको क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहरी क्षेत्र | सहरोन्मुख क्षेत्र | ग्रामिण क्षेत्र | |
| | | | वडा नं. २ | | |
| १ | टीकापुर नगरपालिका वडा नं. २ अन्तर्गत खकौला सडक लम्की पुल देखि अस्नेहरी सम्म ,पार्क रोड व्यावसाय क्षेत्र देखि उर्दिपुर सम्म र वडा कार्यालय देखि न्यू भिजन ई. बो. स्कुल हुदै विजयनगर झिलमिल चौराह सम्म सडकसंग जोडिएका दायां बायांका जग्गाहरु | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| २ | शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र बाहेकका समपुर्ण जग्गाहरु | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| | | | | | |
| | | | वडा नं. ८ | | |
| १. | सूर्यपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| २. | बन्जरिया | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ३. | कोल बन्जरिया | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ४ | फांटा | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ५. | बेटनपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ६ | अरुणा फांटा | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ७ | कालीमाटी | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | श्रीलंका | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ९ | वनगाउ | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १० | खकौलापारी | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| | | | | | |
| | | वडा नं. ९ | | | |
| १ | खकौला सडकको डाडाबोझी चोक देखि चिलम चौराहा चोकसम्म र हुलाकी सडक संग जोडिएर रहेको जग्गा | | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | | |
| | शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र वाहेकका सम्पूर्ण जग्गाहरु | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |

ख) जग्गाको प्रकृति :

| क्र.सं. | जग्गा रहेको स्थान | जग्गाको प्रकृति | कैफियत |
|---|---|---|---|
| | | वडा नं. २ | |
| १ | अस्नेहरी | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| २ | कोठारपुर | सडक सिमा भित्रका जग्गा (११) | |
| ३ | | बन्दीपुर अन्तर्गत रहेका टोल बस्ती | |
| क | मगर टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| ख | रतमट्यान टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| ग | विकासपुर | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| घ | बन्दिपुर | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ४ | | सितापुर अन्तर्गत टोल बस्ती | |

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| क | शान्तीनगर टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादिमा परिणत भएको जग्गा (३) | |
| ख | दक्षिणपुरुवा | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ग | भनपुरान टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| घ | सिस्न्याहान टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| ङ | जनजागृति टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| च | विस्टान टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| छ | भगतपुरान टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ज | विस्ट टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| झ | सितापुर | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ५ | राजिपुर अन्तर्गत टोल बस्ती | | |
| क | जुपाल टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| ख | सिर्जना टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| ग | चौधरी टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| घ | मिलन चोक | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| ङ | डांडा टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| च | वजुर्‍याल टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| छ | फायरलाईन | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ज | चिरांगी टोल | आवाद लायक बसोवास योग्य ऐलानी जग्गा (१) | |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| झ | राजिपुर | आवाद लायक बसोबास योग्य ऐलानी जग्गा (१) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| ६ | विजयनगर अन्तर्गत टोल बस्ती | | |
| क | टीकापुर टोल | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| ख | दुर्गौली टोल | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| ग | मुनुवा टोल | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| घ | भुमिका टोल | साविकको वन क्षेत्र जनिएको भएपनि आवादमा परिणत भएको जग्गा (३) | |
| | | | |
| वडा नं. ८ | | | |
| १. | सूर्यपुर | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| २. | वन्जरिया | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ३. | कोल वन्जरिया | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ४ | फांटा | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ५ | वटनपुर | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ६ | अरुणा फांटा | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ७ | कालीमाटी | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ८ | श्रीलंका | पर्ती, नदी उकास लगायतका बसोबास वा खेतीयोग्य अन्य सरकारी जग्गा (२) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |

२८ औं कार्यपालिकाको निर्णय

रामलाल डगौरा थारु
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ९ | वनगाउ | पर्ती, नदी उकास लगायतका वसोवास वा खेतीयोग्य अन्य सरकारी जग्गा (२) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| १० | खकौलापारी | आवाद लायक वा वसोवासयोग्य ऐलानी जग्गा (१) | |
| | | | |
| | | वडा नं. ९ | |
| १ | झुंगा | आवाद लायक वा वसोवासयोग्य ऐलानी जग्गा (१) | |
| २ | सानो झुंगा | आवाद लायक वा वसोवासयोग्य ऐलानी जग्गा (१) | |
| | | सडक सिमा भित्रका जग्गा (११) | |
| ३ | पायल गाउँ | पर्ती, नदी उकास लगायतका वसोवास वा खेतीयोग्य अन्य सरकारी जग्गा (२) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| ४ | खक्रौला | पर्ती, नदी उकास लगायतका वसोवास वा खेतीयोग्य अन्य सरकारी जग्गा (२) | |
| | | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा (३) | |
| | | जोखिमयुक्त स्थानमा वसोवास गरिएको जग्गा (८) | |
| ५ | खैरीपुर | सडक सिमा भित्रका जग्गा (११) | |
| ६ | वौनिया | आवाद लायक वा वसोवासयोग्य ऐलानी जग्गा (१) | |
| ७ | वौनिया देखि पायल गाउँ जाने सडकको दाया वाँयाका जग्गाहरु | सडक सिमा भित्रका जग्गा (११) | |

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत